कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ९८५११८५०९६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np

प.सं. : २०८३/०८४
च.नं. :

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैबुङ्ग, रसुवा बागमती प्रदेश, नेपाल २०७३

विस्थापित भएका घरधुरी /व्यक्तिहरूको विवरणमा दावी विरोध गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

(प्रकाशित मिति २०८३/०६/०२)

यस कालिका गाउँपालिकामा मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण जनधनको ठूलो क्षति भएको सर्वविदितै छ। यसै सन्दर्भमा, विपद् प्रभावित नागरिकहरूको वास्तविक तथ्याङ्क यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयहरूको सिफारिसको आधारमा बाढीका कारण घरबारविहीन भई पूर्ण रूपमा विस्थापित भएका घरधुरी/व्यक्तिहरूको प्रारम्भिक अन्तिम विवरण तयार गरिएको छ।

विस्थापित परिवारको क्षतिपूर्ति, पुनर्स्थापना र आगामी कानुनी तथा प्रशासनिक प्रक्रियालाई पूर्ण रूपमा पारदर्शी, न्यायपूर्ण र व्यवस्थित बनाउन, वडा नं. १ का १४ विस्थापित घरधुरी र उहाँहरूको हकवाला/घरमूलीको विवरण मात्र यसै सूचनासाथ (सूचनाको पाना पछाडि) सार्वजनिक गरिएको छ।

उक्त प्रकाशित नामावलीको सम्बन्धमा तलका मध्ये कुनै अवस्था भएमा यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र (सार्वजनिक बिदा पर्न गएकोले मिति २०८३/०६/०५ गते सोमबार कार्यालय समयभित्र) आवश्यक कानुनी प्रमाणसहित सम्बन्धित वडा कार्यालयमा लिखित रूपमा 'दावी विरोध' दर्ता गराउनुहुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ:

१. कुनै वास्तविक विस्थापित घरधुरी/व्यक्तिको नाम सूचीमा छुट भएको भए।
२. प्रकाशित नामावलीमा नाम, थर, ठेगाना वा हकवाला/घरमूलीको विवरण फरक परेको वा त्रुटिपूर्ण भए।
३. कोही गैर-प्रभावित वा झुटो विवरण पेश गरी सूचीमा समावेश भएको पाइएमा (झुट्टा दावी गरेको लागेमा)।

तोकिएको म्यादभित्र रीतपूर्वक पर्न नआएका दावी विरोधउपर कुनै कारबाही नहुने र यसै सार्वजनिक सूचीलाई अन्तिम आधार मानी नियमअनुसार क्षतिपूर्ति सिफारिस, पुनर्स्थापना तथा अन्य आगामी कानुनी प्रक्रियाहरू अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत सूचित गरिन्छ।

....
धर्मराज न्यौपाने २०८३।६।२
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पुर्ण विस्थापित परिवारः

क.स	जग्गाधनी/घरधनी व्यक्तिको नाम	विस्थापित परिवारको घरमुलीको नाम	जग्गा धनीसंगको नाता	मोवाईल नम्वर	कैफियत
१	काजि तमाङ	शान्तिमांया तमाङ	श्रीमती	9744242601	
२	मुरली तामाङ	मुरली तामाङ	आफै	9714458930	
३	मुरली तामाङ	सन्त बहादुर तामाङ	आमा	9747216454	आमाबाट जग्गा अशंवण्डा नभएको
४	मुरली तामाङ	यो छिरिङ तामाङ	आमा	9844191614	आमाबाट जग्गा अशंवण्डा नभएको
५	मुरली तामाङ	राम बहादुर तामाङ	आमा		आमाबाट जग्गा अशंवण्डा नभएको
६	मुरली तामाङ	सुकुराम तामाङ	आमा	9840408209	आमाबाट जग्गा अशंवण्डा नभएको
७	एलिना तामाङ	एलिना तामाङ	आफै	9766882326	
८	लवाङ तमाङ	लवाङ तमाङ	आफै	9865052101	
९	पासाङ छिरिङ तामाङ	पासाङ छिरिङ तामाङ	आफै	9860858533	
१०	छिरिङ मिण्डु तमाङ	कर्मो तमाङ्नी	श्रीमान	9745934101	श्रीमानको नामबाट नामसारी नभएको
११	छिरिङ मिण्डु तमाङ	छेजा तमाङ	बुवा	9745345717	अंशबण्डा नभएको
१२	छिरिङ मिण्डु तमाङ	बुनेमा तमाङ	बुवा	9742874737	अंशबण्डा नभएको
१३	जीतमान तमाङ	जीतमान तमाङ	आफै	9841884087	
१४	मेम्वर सिङ्गी तमाङ	मेम्वर सिङ्गी तमाङ	आफै	9747993576	

प्रमुख प्रशासकीय अधिकृत